नगरसभामा नगर उपप्रमुख

श्री अन्जु दहितज्यूले प्रस्तुत गर्नुभएको

आर्थिक वर्ष २०७६/७७ को

# **बजेट बक्तव्य**

बारबर्दिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जयनगर, बर्दिया

९ असार २०७६

**अध्यक्ष महोदय**

१. नेपालको संविधान अनुसार गठन भएको यस बारबर्दिया नगरपालिकाको तेस्रो बार्षिक बजेट पेश गर्ने अवसर पाएकोमा खुसी लागेको छ । यस अवसरमा जनआन्दोलन जनयुद्ध लगायतका संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाईते वेपता नागरिक प्रति सम्मान प्रकट गर्दछु । मुलुकको राजनीतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने आदणिय महानुभावहरु प्रति आभार व्यक्त गर्दछु ।

२. यस नगरेपलिकाले नगर पार्शवचित्र २०७५ निर्माण गरि नगरपालिकाका आर्थिक, सामाजिक, भौगोलिक, संस्कृतिक, भाषिक र धार्मिक लगायत क्षेत्रका तथ्यांकहरु प्राप्त भइ ति तथ्यांकलाई विश्लेषण, संश्लेष्ण गरि स्थानीय सरकार संचालन ऐन २०७४, प्रदेश तथा स्थानीय तहका साझा अधिकारका विषयमा एकरुपता कायम हुने गरि सहकारी, समन्वय र सह-अस्तित्वको सिद्धान्तलाई आत्मसाथ गरि आ.व.२०७६/७७ को बजेट तथा कार्यक्रम तयार गरेकी छु ।

**अध्यक्ष महोदय**

३. अव म यस बारबर्दिया नगरपालिकाका चुनौतिहरुलाई यस प्रकार प्रस्तुत गरेकी छु:-

**(क) नयाँ घोषणा भएको नगरपालिका**

सम्वत २०७३ साल फागुन २६ गते साविकको पदनाह बनियाभार मगरागाडी र धधवार गाउँ विकास समितिहरु मिलेर नयाँ घोषणा भएको यस नगरपालिकाको संस्थागत व्यवस्थापन प्राविधिक व्यवस्थापन स्रोत परिचालन कर्मचारी व्यवस्थापन र तिनीहरुको क्षमता विकास गर्नु एउटा महत्वपूर्ण चुनौति हो । लामो समयदेखि जनप्रतिनिधिविहिन भएको स्थानीय निकायबाट भएका कामकारवाही र जनमानसमा देखिएको मनोवृतिलाई परिवर्तन गर्ने कार्य चुनौतिपूर्ण रहेको छ ।

**(ख) आन्तरिक राजश्वको पहिचान**

नगरपालिकाले लिने राजश्वको क्षेत्र र नेपालको संविधानले स्थानीय तहलाई उपलब्ध गराएको अधिकार क्षेत्रभित्र रही फराकिलो राजश्वको क्षेत्र पहिचान गर्ने कार्य चुनौतिपूर्ण रहेको छ ।राजश्व सम्बन्धि जनतामा रहेको धारणा र अपेक्षित प्रतिफल बिचको सामन्जस्यता कायम गर्नु तथा यस नगरपालिकामा सम्भावित आन्तरिक आय कमजोर हुनु र केन्द्रीय अनुदानको भरमा नगरपालिकाका सवै कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने चुनौति रहेको छ ।

**(ग) नगरपालिकाको ठूलो भूगोल र जनसंख्या**

यस नगरपालिकाको क्षेत्रफल २२६.०९ रहेको छ । जुन क्षेत्रफल वर्दिया जिल्लामा अन्य स्थानीय तहको भन्दा बढी हो त्यसैगरी वि.स.२०७६ को नगरपालिकाको घरधुरी सर्वेक्षण अनुसार बारबर्दिया नगरपालिकाको जनसंख्या ७०९०४ रहेको र उक्त जनसंख्या बर्दिया जिल्लाकै सवैभन्दा धेरै भएको अवस्था विद्यमान छ । सिमित साधन स्रोतका बाबजूत धरै बासिन्दाका मागहरुलाई सम्वोधन गर्नुपर्ने चुनौति रहेको छ ।

**(घ) निर्वाचित पदाधिकारीहरुको क्षमता विकास**

जनताबाट निर्वाचित भएर आउनु भएका पदाधिकारीहरुलाई स्थानीय तहको कानूनले पर्याप्त अधिकार काम र कर्तव्यहरु दिएको र एउटा सरकारको रुपमा सम्वोधन गरेको अवस्था छ । सरकार सञ्चालन गर्न

आवश्यक पर्ने विधि र प्रकृयाको विषयमा जानकारी गराउने क्षमता अभिवृद्धि गर्दै विधिको शासन स्थापित गर्नु चुनौतिपूर्ण रहेको छ । स्थानीय न्यायिक समिति गठन गरी न्यायिक मनको प्रयोग साथै झन्झटिलो न्यायिक प्रकृयालाई अवम्वन गरी न्याय सम्पादन गर्नु चुनौतिपूर्ण रहेको छ ।

**(ङ) कर्मचारीको व्यवस्था र क्षमता विकास**

नेपाल सरकारले नगरपालिकालाई आवश्यक पर्ने कर्मचारीको हालसम्म पनि व्यवस्था गर्न नसकेको अवस्था छ । नगरपालिका आफैंलाई पनि नयाँ कर्मचारी नराख्न निर्देशन दिएको विगतमा स्थानीय तहमा कार्यरत कर्मचारीको क्षमता विकास गर्नुपर्ने चुनौतिहरु हाम्रा सामु विद्यमान छन ।

**(च) पूर्वाधार विकास**

नगरका गौरवका योजना तथा संघ र प्रदेश सरकारको साझेदारीमा संचालन हुने योजनाहरुको कार्यन्वयनका क्रममा बाधा अवरोध र द्वन्द सिर्जना भइ सरोकारवाला, विभिन्न संघ संस्थाका स्वार्थ सम्बोधन गरि समयमानै योजना सम्पन्न गर्न चुनौतिपूर्ण देखिएको छ । नगरपालिकाको आफ्नो भवन निर्माण गर्नुपर्ने वडा कार्यालयहरुको भवन निर्माण गर्ने नयाँ घोषणा भएको नगरपालिका भएको हुँदा भवन निर्माण आचार संहिता लागू गर्ने वस्ति विकास योजना र शहरी योजना र सडकका मापदण्डहरु लागू गर्ने पूर्वाधार विकासलाई आवश्यक पर्ने मेशिनरी औजार सवारी साधन आदिको अभाव जस्ता चुनौतिहरु हाम्रा सामु विद्यमान छन ।

**(छ) आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि**

आन्तरिक उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर बनाउनु स्थानीय उत्पादनको बजार प्रवर्द्धन गर्नु जस्ता चुनौतिहरु रहेका छन । त्यसैगरी सिजनमा भएको पर्याप्त उत्पादनलाई व्यवस्थापन गर्न नसक्दा किसानहरु मारमा परेका छन साथै नगरपालिकाको उत्पादनमा सम्भावित क्षेत्रहरुको पहिचान गरी उत्पादकत्व वढाउने चुनौति रहेको छ ।

**(ज) नगरपालिका भित्र रहेका भूमिहिन सुकुम्वासी मुक्त कमैया आदिको व्यवस्थापन**

यस नगरपालिकाभित्र लम्कीफाँटा बनगाईं फाँटा खुरखुरेफाँटा फूलवारीफाँटा जमुनाफाँटा सैलाईफाँटा लंगवाफाँटा मद्रवाफाँटा वनवाफाँटा श्यामरवाफाँटा राजीवस्ती शक्तिनगर दुल्लीपकडिया सम्झना मर्कट्टि लगायतका विभिन्न वस्तिहरुमा भूमिहिन सुकुम्वासी मुक्त कमैया हलिया बसोबास गर्दै आएका छन । उनीहरुको सामाजिक तथा आर्थिक अवस्था कमजोर रहेको र मानव विकास सूचकाङ्क पनि न्यून देखिन्छ । उक्त सुकुम्वासीहरु एकतर्फ जनता आवास कार्यक्रमबाट समेत बञ्चित हुनु पर्दा राम्रो बासको अभावमा रुपलिनु पर्ने अवस्था छ भने अर्को तर्फ कृत्रिम सुकुम्वासीहरुको विगविगी बढ्दै गएको अवस्था छ । तसर्थ वास्तविक सुकुम्वासीको लगत संकलन गरी उनीहरुलाई जग्गाको लालपूर्जा उपलब्ध गराउने कार्य चुनौतिपूर्ण रहेको छ ।

**अध्यक्ष महोदय**

४. हाम्रा सामु उल्लिखित विभिन्न चुनौतिहरु रहेको भए तापनि नेपालको संविधानले स्थानीय तहको अधिकार सम्वन्धमा गरेको व्यवस्था यस नगरपालिकाका जननिर्वाचित पदाधिकारीहरुको क्रियाशिलता नगरबासीमा आएको विकास प्रतिको उत्साह विकासमा देखिएको बढ्दो जनसहभागिता स्थानीय तहमा आएको अनुदान

रकमको बढोत्तरी नगरपालिकको आन्तरिक आयमा हुने वृद्धि स्थानीय स्तरमा हुने आर्थिक क्रियाकलापको कारण उच्च स्तरको आर्थिक वृद्धि हुने सम्भावना जस्ता अवसरहरुको सदुपयोग र चुनौतिहरुको सामना गर्ने गरी आगामी आर्थिक वर्षको बजेट तयार गरेको छु । आर्थिक वर्ष २०७६/७७ को बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन्:-

(क) नगरपालिका बाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई वडास्तरसम्म विस्तार गर्ने र प्रभावकारी रुपमा सेवा सञ्चालन गर्ने ।

(ख) राजश्वका नयाँ नयाँ क्षेत्रहरुको पहिचान गरी आन्तरिक आय वृद्धि गर्ने ।

(ग) पूर्वाधार विकास गर्ने ।

(घ) निर्वाहमुखी कृषि प्रणालीमा सुधार गर्दै आधुनिक प्रविधि मार्फत पशु र कृषिको उत्पादन वृद्धि गरी निर्यात प्रवर्द्धन गर्ने ।

(ङ) दिगो विकास र वातावरण संरक्षण गर्दै सफा र हरित नगर निर्माण गर्ने ।

(च) नगरपालिकाभित्र रहेका भूमिहिन सुकुम्वासी मुक्त कमैया आदिको व्यवस्थापनका लागि कार्य अगाडि बढाउने ।

(छ) नगरपालिकाको वस्ति विकास शहरी योजना र भवन निर्माण आचारसंहिता तर्जुमा गरी लागू गर्ने ।

**अध्यक्ष महोदय**

उपरोक्तानुसारका उद्देश्य हासिल गर्नका लागि आगामी आर्थिक वर्ष २०७६/७७ को बजेटका प्राथमिकताहरु निम्नानुसार निर्धारण गरेको छु:-

(क) नगर कार्यपालिकाको भौतिक पूर्वाधार व्यवस्थापनमा सुधार तथा वडा कार्यालयहरुको स्थापना र सेवा प्रवाह ।

(ख) पूर्वाधार विकास ।

(ग) कृषि तथा पशुजन्य उत्पादनमा आधुनिकिकरण व्यवसायिकरण र बजारीकरण ।

(घ) शिक्षा स्वास्थ्य खानेपानी र सरसफाई ।

(ङ) रोजगारीका अवसरमा वृद्धि ।

(च) संस्कृतिको संरक्षण र पर्यटन क्षेत्रको विकास ।

(छ) महिला अपाङ्ग बालबालिका जेष्ठ नागरिक र युवा लक्षित कार्यक्रम ।

(ज) सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारिता ।

**अध्यक्ष महोदय**

५. अब म उल्लिखित चुनौति उद्देश्य र प्राथमिकताको आधारमा तयार गरिएको आर्थिक वर्ष २०७६/७७ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

नगरको विषयगत क्षेत्र तथा कुल आय र व्ययको अनुमानित बिनियोजन सम्बन्धि विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

आर्थिक वर्ष २०७६/७७ को कुल व्यय रु. ८६ करोड ६१ लाख १७ हजार बिनियोजन गरिएको छ ।चालु खर्च तर्फ रु. ५८ करोड २३ लाख ७ हजार अर्थात् ६८प्रतिशत तथा पुँजीगत तर्फ रु. २७ करोड ५४ लाख अर्थात ३२ प्रतिशत बिनियोजन गरिएको छ । व्यय अनुमान गरिएको मध्ये २१ करोड सामाजिक सुरक्षा र रु २२ करोड ९७ लाख ७३ हजार संघीय तथा प्रदेश सरकारको सशर्त अनुदानको रमक रहेको छ अर्थात कुल बजेट को ५१ प्रतिशत अंश यस बजेटको रहेको छ ।

<u>वडा कार्यालयहरुको स्थापना र सेवा प्रवाह</u>

६. बारबर्दिया नगरपालिका नयाँ घोषणा भएको नगरपालिका भएको र यस्को आफ्नै कार्यालय भवन नभएको हुँदा हाललाई प्राथमिक स्वास्थ्य केन्द्र मगरागाडीको पूरानो भवनमा नगर कार्यपालिकाको स्थापना गरी सञ्चालनमा रहेको व्यहोरा यहाँहरुलाई विदितै छ । नेपाल सरकारबाट सवै स्थानीय तहमा नगर कार्यपालिका र वडा कार्यालयहरुको भवनमा एकरुपता कायम गर्न विभिन्न नमुनाहरु प्राप्त भएका छन तथापी बजेट अभावको कारण नगरपालिका आफैंले भवन वनाउन सक्ने अवस्था नभएको हुँदा भवन निर्माणका लागि संघीय संग सहकार्यमा निर्माण कार्यलाई अगाडि बढाईने छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम विषयगत कार्यालयको सम्पति लगायत नगरपालिकाभित्र रहेका सार्वजनिक तथा सामुदायिक केन्द्रहरुको भवन समेत स्थानीय तहमा हस्तान्तरण हुने भएको हुँदा त्यस्ता भवनहरुको पहिचान गरी व्यस्थापन गरिनेछ ।

७. नगर कार्यपालिकाको कार्यालयको भौतिक पूर्वाधार व्यवस्थापन तत्कालै गर्नु पर्ने अवस्था छ । अनियमित विद्युत आपूर्ति पूरानो भवनलाई मर्मत गर्नुपर्ने अवस्था रहेको नगर कार्यपालिकाको शाखा कार्यालयहरु राख्न कोठा पर्याप्त नभएको आवश्यक फर्निचरहरुको अभाव रहेको सवारी साधनको अभाव आदिले गर्दा दैनिक सेवा प्रवाहमा अवरोध पुर्याइरहेको महशुस गरेको छु । यस नगरपालिकाका ११ वटा वडाहरुबाटै सेवा प्रवाह भईरहेको अवस्था छ । ४ वटा वडा कार्यालयहरु आफ्नै भवनमा सञ्चालित छन भने २ वटा सामुदायिक भवनमा सञ्चालित छन । वडा नं १ को वडा कार्यालय स्वास्थ्य चौकी शनिबजारको लागि निर्माण भएको भवनमा तथा वडा नं ९ को वडा संचालन गर्न व्यवस्था मिलाइने छ ।

**अध्यक्ष महोदय, नगर सभाका सदस्यज्युहरु**

अब म क्षेत्रगत कार्यक्रम तथा बिनियोजन प्रस्तुत गर्न चाहन्छु ।

<u>पूर्वाधार विकास</u>

८. यस नगरको पहिचान दिन र दिगो विकासलाई सुनिश्चित गर्न नगरका गौरवका योजना कालोपत्रे गर्ने करुको सुरुवात, भिम मार्ग , सगुन मार्ग र शहिद मार्गको स्तरोन्नति कार्यलाई निरन्तरता दिन ४ करोड ५० लाख, वडा स्तरीय कार्यक्रममा पुँजीगत तर्फ ५ करोड, नगर कार्यपालिकाको भवन निर्माणको लागि जिल्ला समन्वय समिति बर्दियाबाट प्राप्त रु १ करोड र नगरपालिकाको थप रु १ करोड गरि रु २ करोड बिनियोजन गरिएको छ । साथै संघीय र प्रदेश समपुरक भाग गर्न

सम्पुरक तथा साझेदारी कोष खादा गरि रु १० करोड लगायत नगरको समग्र पूर्वाधार निर्माण र विकासका लागि रु २५ करोड ६३ लाख बिनियोजन गरेको छु ।

## वन भूसंरक्षण र विपद् व्यवस्थापन

९. वन वातावरण तथा विपद व्यवस्थापन जैविक विविधता प्राकृतिक सौन्दर्यता र स्वच्छ वातावरण प्रवर्द्धन गर्न सरसफाई फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन, विपद सामग्री खरिद र एक घर एक बिरुवा कार्यक्रम लगायतका क्षेत्रमा रु ४६ लाख विनियोजन गरिएको छ ।

## पर्यटन विकास

१०. यस नगरपालिकामा आन्तरिक तथा वाह्य पर्यटन प्रर्वद्धनमा विशेष जोड दिइने छ । नगरपालिका भित्र रहेका विभिन्न पर्यटकीय स्थलको पहिचान गरी उक्त क्षेत्रको विकास र व्यापक रुपमा प्रचार प्रसार गरिने छ । यस नगरपालिकाको वडा नं ११ वेलभारमा नमूना गाउँ निर्माण गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ यसको माध्यमबाट नमूना गाउँ वनाई बारवर्दियाका नगर भित्रका सवै टोलहरुलाई त्यस नमूना गाउँको अनुसरण गर्न अभिप्रेरित गरिनेछ । यसका लागि रु १० लाख वजेट विनियोजन गरेको छु ।

११. नगरको कृषि क्षेत्रमा उत्पादन, उत्पादकत्व र रोजगारी सिर्जना गर्न तथा नगर कृषि आधुनिकीकरण फर्म स्थापनाको लागि रु.४० लाख सहित कृषि विकासका लागि रु ९२ लाख २० हजार बजेट विनियोजन गरिएको छ ।

१२. पशु विकास तर्फ स्वरोजगार सिर्जना र समग्र पशु सेवाको विकासका लागि रु ७१ लाख १४ हजार, पर्यटन क्षेत्रको विकास मार्फत आर्थिक विकास गरि नगरको समृद्धिको मेरुदण्डमा योगदान दिन आर्थिक विकासमा २ करोड १० लाख ६१ हजार विनियोजन गरिएको छ ।

## सामाजिक विकास

१३. सामाजिक विकासलाई विकासको आधार मानि यस क्षेत्रमा नगरपालिकाले अनिवार्य आधारभूत शिक्षा सुनिश्चितता घोषणा गरि शैक्षिक क्षेत्रको आमुल सुधारलाई निरन्तरता दिई २२ करोड ७७ लाख ७४ हजार विनियोजन गरिएको छ ।

१४. नगरको करिब ७२% जनसंख्या ओगट्ने थारु सामुदायमा देखिएको सिकलसेल एनिमिया रोग पहिचान, नियन्त्रण र रोकथाम अभियानलाई निरन्तरता दिदै सिकलसेल उपचार अस्पताल स्थापना गर्न संघ र प्रदेश सरकारसंग सहकार्य गर्दै विरामीको परिक्षणका लागि ल्याब तथा जनशक्ति

व्यवस्थापनका लागि रु. ६८ लाख सहित रु.४ करोड २९ लाख ९९ हजार विनियोजन गरेको छु ।

१५. संस्कृति प्रवर्द्धन, सामाजिक समावेशीकरण, खेलकुद तथा मनोरंजन, महिला बालबालिका, दलित, अपांगता भएको व्यक्ति, राजी समुदाय, आदिवासी जनजाति भएको व्यक्तिहरुको हित लगायतका सामाजिक क्षेत्रमा पछाडि परेको जातजातिको विकास तथा सबलीकरण गरि समग्र यस सामाजिक विकासमा रु २७ करोड ६१ लाख ५३ हजार बिनियोजन गरिएको छ ।

**<u>संस्थागत विकास तथा सेवा प्रवाहः</u>**

१६. उच्च मनोबलयुक्त उत्प्रेरित र दक्ष जनशक्तिबाट प्रभावकारी सेवा प्रवाहका लागि कर्मचारी तथा जनप्रतिनिधि क्षमता अभिवृद्धि गर्न नगरको संगठन र संस्थागत विकास गरि सुदृढ प्रशासन कायम गर्न यस क्षेत्रमा कार्यालयको प्रशासनिक तथा उपभोग खर्चमा रु ८ करोड ९७ लाख ६८ हजार बिनियोजन गरेको छु ।

**<u>वित्तिय व्यवस्थापन तथा सुशासन</u>**

१७. वित्तिय व्यवस्थापनलाई चुस्त र दुरुस्त बनाउन लेखा प्रणालीलाई सुदृढिकरण गर्न, करको दायरामा नआएका करदातालाई करको दायरामा ल्याउन, सम्वद्ध कर्मचारीको कर्मचारीको क्षमता अभिवृद्धि गर्न तथा वित्तिय व्यास्थापनलाई सुचना प्रविधिमैत्री बनाई सुशासन कायम राख्न यस क्षेत्रमा रु ४० लाख बिनियोजन गरिएको छ ।

**<u>अन्य कार्यक्रमहरु</u>**

१८. जनताका गुनासो लाई तत्कालै सम्वोधन गर्न जनतासँग मेयर कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । नगरप्रमुखले जनताका मागलाई सम्वोधन गर्न पूर्वाधार विकास सामाजिक विकास आर्थिक विकास लगायतका कार्यहरुमा खर्च गर्न सक्ने गरी एक कार्यविधि वनाईने छ । नगरका सम्पूर्ण वडामा परापुर्वकालदेखि स्थानीय नेतृत्व गर्दै आएका बडघरहरुको पहिचान र विकास निर्माणमा सिर्जना हुने विवाद र द्वन्द निरुपणमा सहजीकरण गर्न बडघरसंग मेयर कार्यक्रममा लागि रु २ लाख बिनियोजन गरिएको छ ।

१९.नगरपालिकाभित्रका असहाय व्यक्ति तथा टुहुरा वा अनाथ बालवालिकाको हित र संरक्षणका लागि स्थापित असहाय व्यक्ति तथा टुहुरा वा अनाथ बालबालिका संरक्षण कोष स्थापना गर्ने व्यवस्था मिलाएको छु । यसका लागि रु १७ लाख बजेट विनियोजन गरिएको छ ।

**सभा अध्यक्ष ज्यु तथा सभा सदस्यज्युहरु**

२०.चालु आर्थिक वर्षको हालसम्मको आय व्ययको यथार्थ विवरण (नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुबाट भएका आयोजनागत बिनियोजन एवं संशोधन समेत), आव व्ययको संशोधित अनुमान आगामी आर्थिक वर्ष को विषय क्षेत्रगत, शिर्षकगत र आयोजनागत बजेटको अनुमानित विवरण सभामा

छलफल र पारितको लागि पेश गरेकी छु । यी सबै विवरण समेटिएको वार्षिक योजना पुस्तिका मार्फत छिटै सार्वजनिक गरिनेछ ।

२१.आर्थिक ऐन र विनियोजन ऐनका विधेयकहरु यसैसाथ अनुमोदनका लागि पेश गरिएको छ ।

२२. **अन्त्यमा,**

प्रस्तुत आ.व.२०७६/७७ को बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने नगर प्रमुख ज्यु, कार्यपालिका सदस्यज्युहरु, नगर सभा सदस्यज्युहरु, विज्ञज्युहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्युहरु, निजि क्षेत्र लगायत नगरबासी दाजुभाई तथा दिदीबहिनीहरु एवं अहोरत्र खटिने राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

मिति २०७६ असाढ ९ गते सोमबार

अन्जु दहित
उप प्रमुख
बारबर्दिया नगरपालिका, बर्दिया
प्रदेश नं ५, नेपाल